नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रामेछाप

# नोवेल कोरोना भाइरसको रोकथाम तथा नियन्त्रण सम्बन्धि बैठकको निर्णय

## २३ फागुन, २०७६

छिमेकी देश चीन हुँदै विश्वका विभिन्न देशहरुमा फैलिएको कोराना भाइरस (COVID-19) बाट नेपाल पनि उच्च जोखिममा रहेको भनि विश्व स्वास्थ्य संगठनबाट प्रतिकृया प्राप्त भएको, नेपाल सरकार तथा प्रदेश सरकारबाट सभा सम्मेलन, गोष्ठी भेला जस्ता कार्यक्रम नगर्न तथा संक्रमणबाट जोगिन सचेतनामूलक कार्यक्रम गर्न अनुरोध भएको छ । सो अनुसार कोरोना भाइरसको नियन्त्रण तथा रोकथामको लागि प्रमुख जिल्ला अधिकारी श्री रुद्रादेवी शर्माको अध्यक्षता र मन्थली नगरपालिकाका प्रमुख श्री रमेशकुमार बस्नेत लगायत जिल्ला स्थित सरकारी तथा गैरसरकारी निकाय, स्थानीय सरकार, उद्योग बाणिज्य संघ, गैसस महासंघ, नागरिक समाज, राजनीतिक दल, सञ्चारकर्मीहरु सम्मिलित बैठकबाट देहाय बमोजिमको निर्णय गरियो ।

देहाय

१. जिल्ला सुरक्षा समितिको मिति २०७६/११/२२ को बैठकबाट कुनै पनि जात्रा, मेला-महोत्सव, सभा-सम्मेलन जस्ता कार्यहरु नगर्न तथा सहभागी नहुन र होली पर्वलाई सभ्यरुपले मनाउने सूचना सबै सरोकारवाला निकायले कार्यान्वयन गर्ने/गराउने ।

२. सबै सञ्चारमाध्यम तथा सञ्चारकर्मीहरुले कोराना भाइरसको लक्षण र जोगिने उपायको बारेमा प्रकाशन तथा प्रसारणको माध्यमबाट सत्य तथ्य सूचना प्रवाह गरी आम नागरिकलाई सु-सूचित गर्ने ।

३. जिल्ला स्थित स्वास्थ्यकर्मीहरु लामो समय विदामा नबस्ने र अत्यावश्यक भए बैकल्पिक व्यवस्था गर्ने/गराउने ।

४. रामेछाप अस्पताल, तामाकोशी अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र मन्थली, रामेछाप सामुदायिक अस्पतालमा Isolation ward को व्यवस्था गर्ने तथा एम्बुलेन्सहरुलाई तयारी अवस्थामा राख्ने ।

५. मास्क तथा स्वास्थ्य सामाग्रीहरु सहज रुपमा विक्रि वितरण गर्ने, अधिकतम् मुल्यमा विक्रि वितरण गरेको पाईएमा कानूनी कार्वाही गर्ने ।

७. सम्भावित जोखिमबाट हुने कालोबजारी र कृत्रिम अभाव र अवान्छित कार्य नगर्ने/नगराउने ।

८. सबै स्थानीय तह, सरकारी, गैर सरकारी निकाय, निजी क्षेत्र, नागरिक समाजले सेवाग्राहीहरुलाई विभिन्न माध्यमबाट सूचना प्रसारण गर्ने ।

९. सबै सरकारी/नीजि विद्यालय/कजेलहरुले विद्यार्थीहरुलाई कोरोना भाइरसको नियन्त्रण र रोकथाम सम्बन्धि जनचेतना र सूचना प्रदान गर्ने ।

१०. सामुदायिक, टोल, परिवार र सरोकारवाला निकायहरुले खानेपानी र सरसफाईको विशेष प्रबन्ध गर्ने/गराउने ।

....................

रुद्रादेवी शर्मा

प्रमुख जिल्ला अधिकारी